# रामधुनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## झुम्का, सुनसरी
## कोशी प्रदेश, नेपाल

प.स.:०८१।८२
च.नं. : १६८४४

मितिः२०८१।१०।१३

सूचना!    सूचना!!    सूचना!!!

विषय: गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण सम्वन्धी गुनासो वा उजुरी गर्ने प्रक्रिया सम्वन्धी सूचना।

प्रस्तुत विषयमा नेपाल सरकार,भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट गरिव घर परिवार पहिचान सर्वेक्षण,२०७८ मा आधारित यस नगरपालिका अन्तर्गतका गरिव घरपरिवार प्रारम्भिक सुची प्राप्त भएकोले गुनासो सुनुवाई मार्गदर्शन ,२०७८ वमोजिम सम्वन्धीत सवैको जानकारीका लागि यसैसाथ संलग्न गरी प्रकाशन गरिएको छ।

पुनश्च:

१) संलग्न सुची वमोजिम गरिव परिवारमा समावेश हुनुपर्ने प्रारम्भिक सुचिमा नपरेको सम्वन्धित परिवारको १८ वर्ष पुरा भएको सदस्यले मार्गदर्शनको अनुसूची - १ वमोजिमका सूचकमा आधारित भइ आधार र कारण खुलाएर यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आफ्नो परिचय खुल्ने प्रमाण सहित गुनासो दर्ता गर्नुहुन जानकारी गराईन्छ।

२) गरिव परिवारमा समावेश नहुनुपर्नेमा सो सुचिमा परेको भन्ने लागेमा यस स्थानीय तहमा वसोवास गर्ने जोसुकैले आफ्नो परिचय खुल्ने प्रमाण सहित यो सूचना प्रकासन भएको मितिले १५ दिन भित्र गुनासो दर्ता गर्न सकिनेछ।

३) गरिव परिवारको वर्गीकरण एक वर्गमा समावेश गर्नुपर्ने परिवारलाई अर्को वर्गमा वर्गीकरण गरेको भन्ने लागेमा सम्वन्धित व्यक्तिले आफ्नो परिचय खुल्ने प्रमाणसहित १५ दिनभित्र यस कार्यालयमा गुनासो दर्ता गर्न सकिनेछ।

..................................
प्रमोद कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत
रामधुनी नगरपालिका



CamScanner

# रामधुनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## झुम्का, सुनसरी
## कोशी प्रदेश, नेपाल

प.स.:०८१|८२
च.नं. : १६८६

मितिः२०८१।१०।१३

**विषयःगरिब परिवार पहिचान तथा परिचय पत्र बितरण सम्बन्धी गुनासो वा उजुरी गर्ने प्रक्रिया सम्बन्धी सूचना ।**

नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय अन्तर्गत गरिव परिवार पहिचान तथा परिचयपत्र बितरण निर्देशीका,२०७५ बमोजिम संकलन भएको तथ्याङ्क का आधारमा मन्त्रालयाबाट प्राप्त सूचिलाई गुनासो सुनुवाई मार्गदर्शन,२०७८ बमोजिम गुनासो वा उजुरिको लागि प्रकाशन गरिएको सूचना यसै साथ संलग्न गरिएको छ । गुनासो वा उजुरी गर्न सहजताको लागि देहाय बमोजिम गर्नुहुन सम्वन्धित सबैको लागि अनुरोध गर्दछौ ।

देहायः

| क्र.सं. | विवरण | पेश गर्नुपर्ने कागजात |
|---|---|---|
| १. | गरिवमा पर्नुपर्ने तर नपरेको अवस्था | सम्वन्धित परिवारको १८ वर्ष उमेर पूरा भएको व्यक्तिले अनुसूची-२ र अनुसूची-६ अनुसारको ढाचामा आफ्नो विवरण भरेर गुनासो सुनुवाई अधिकारीलाई बुझाउने। |
| २. | गरिवमा परेको तर नपर्नुपर्ने अवस्था लागेमा | सम्वन्धित स्थानिय तहमा वस्ने जो सुकै व्यक्तिले अनुसूची-३ अनुसारको ढाचमा आफ्नो विवरण भरेर सुनुवाई अधिकारीलाई बुझाउने। |
| ३. | मेरो नाम गरिवमा पर्यो तर म गरिवको सूचीमा बस्न चाहन्न भन्ने अवस्थामा | सम्वन्धित परिवारमुलीले अनुसूची-४ बमोजिम को ढाचामा फारम(स्वघोसणा) भरेर गुनासो सुनुवाई अधिकारीलाई बुझाउने। |
| ४. | गरिवको एक वर्ग मा परेको तर अर्को वर्गमा गर्नु पर्ने भन्ने लागेमा। | सम्बन्धित व्यक्तिले अनुसूची-३ कै ढाचामा फारम भरेर निवेदन दिने र अनुसूची-६ बमोजिमको फारम पनि भरेर गुनासो सुनुवाई अधिकारीलाई बुझाउने। |

नोटः गुनासो वा उजुरी दर्ताको लागि उजूरिकर्ताको नागरिकताको प्रतिलिपी साथमा राखी रामधुनी नगरपालिकाको कार्यालयमा रहनुभएका गुनासो सुनुवाई अधिकारी को सहयोगमा दर्ता गर्न सकिनेछ।

.........................................
प्रमोद कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत
रामधुनी नगरपालिका



CamScanner